यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ११/२०८०-०८१ मिति २०८१/०१/१८ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ।

**संवत् २०८१ साल जेठ ७ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | स्वास्थ्य शाखा | स्मार्ट हेल्थ (टेलि-हेल्थ) कार्यक्रम खण्डेश्वरी स्वास्थ्यचौकी, दार्चुलाबाट सेवा सुचारु हुने गरी कार्यक्रम संचालनका लागि स्मार्ट हेल्थ ग्लोबल, बाजुरालाई छनौट गर्ने। |
| २. | योजना/पूर्वाधार शाखा | यस आ.व.२०७९/०८० मा यस गाउँपालिकाको वडा नं.२ स्थित महादेव मा.वि.घुसाको भवन निर्माण कार्यको आर्थिक वर्ष २०७९/०८० को दायित्व शीर्षकबाट श्री क्रेटर कन्सट्रक्सन प्रा.लि. मध्यपुर ठिमी-०१ भक्तपुरलाई भुक्तानी दिने। |
| ३. | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय लगायतबाट कार्यान्वियन भई निर्माण सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिने। |
| ४. | | यस गाउँपालिकामा निर्माणाधिन १ नं.वडा कार्यालय भवन निर्माण ठेक्का नं. 01/2080/091/NCB/WBCW/AHRM र ३ नं. वडा कार्यालय भवन निर्माणको ठेक्का नं. 02/2080/081/NCB/WBCW/AHRM को समयावधी (म्याद थप) २०८१ साल असार २० गते सम्म थप गर्ने। |
| ५ | भूमी इकाई | यस गाउँपालिका अन्तरगत विद्यालय, सामुदायिक भवन र सूचना केन्द्रका भवनहरु निर्माणका लागि दानमा दिएको जग्गा गाउँपालिका कार्यालय र विद्यालयको नाममा राजिनामा पास गर्नका लागि जिल्ला मालपोत कार्यालय दार्चुलालाई अनुरोध गर्ने। |
| ६. | रोजगार सेवा केन्द्र | अपिहिमाल गाउँपालिकाको स्थानीय रोजगार रणनीति (आ.व.२०८१/०८२-२०८५/०८६) स्वीकृत गर्ने। |
| ७. | आर्थिक प्रशासन शाखा | गाउँपालिका महासंघको सदस्यता शुल्क वापत गाउँ कार्यपालिकाको कार्यालयबाट दिइएको भुक्तानी अनुमोदन गर्ने। |
| ८. | | आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम तपसिलका लाभग्राहीहरुलाई आर्थिक सहायता तथा राहत उपलब्ध गराउने। |
| ९. | | वडा नं. ५ लुम्थीमा विशुजात्राको अवसरपारी आयोजना गरेको देउडा, दामाहा बाजा, ढुस्को भकारीखेल प्रतियोगिताको भुक्तानी दिने। |
| १०. | प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको **घुम्तिकोष संचालन कार्यविधि, २०८१** स्वीकृत गर्ने। |
| ११. | सहकारी | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत अनुसार सहकारी संस्थाहरुलाई व्यवस्थापन सामग्री सहयोग गर्ने। |

**रबिन्द्र सिंह बोहरा**
**प्रवक्ता**
**गाउँ कार्यपालिका**